# अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस को महामारीबाट बच्न नेपाल सरकारले जारी गरेको लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न साथै आम जनजीवनलाई सहज बनाउन जिल्ला प्रशासन कार्यालय काठमाण्डौंले अत्यावश्यक सवारी साधनको लागि सवारी पास सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको ब्यहोरा सबैमा सूचित गरिएको छ :

१.यसपुर्व जारी सात दिने सवारी पास (सिं.न.भएको पहेँलो रंगको) मा अन्यथा मिति भएपनि लकडाउन अवधिभरको लागि मान्य हुने हुदा त्यस्ता पास प्रयोगकर्ताले नयाँ पास लिईरहनु नपर्ने ।

२.कसैलाई अत्यावश्यक रुपमा सवारी अनुमति चाहिएमा अब उप्रान्त ई-पासको व्यवस्था भएकोले सोको लागी निम्न बमोजिम अनलाईन दरखास्त दिन सकिनेछ ।

- मोवाईलको मेसेज बक्समा गई ११११२ मा जुनसुकै कोड हानी एस.एम.एस. गर्ने ।
- एस.एम.एस गरिसकेपछि ईनबक्समा ***https://epass.moha .gov.np*** लिकं आउनेछ । उक्त लिकं खोली पासको लागि आवश्यक अनुरोधकर्ताको विवरण, परिचयपत्र, सवारी साधनको विवरण साथै सहयोगी कागजात जस्तै अस्पतालको कागजात कार्यालयको सिफारिस मृत्युखुल्ने कागजात वा तस्बीर अपलोड गर्ने अनि पेश गर्ने ।
- अनलाईन फारम पेश भईसकेपछी जिल्ला प्रशासन कार्यालयले पास वितरण मापदण्डको आधारमा पास दिने नदिने निर्णय गर्नेछ । सोको जानकारी तपाँईको मोबाईल ईनबक्समा म्यासेज आउनेछ ।
- अनलाईन फारम स्वीकृत भएमा मोबाइलमा एउटा कोड नं. प्राप्त हुनेछ ।उक्त कोड नै तपाईको सवारी अनुमति पास हुनेछ ।

३ .जिल्ला प्रशासन कार्यालयले अति आवश्यक सवारी साधनको लागी मात्र पास स्वीकृत गर्ने हुदा अनावश्यक रुपमा अनलाईन दरखास्त नदिइ लकडाउनलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुऱ्याउनु हुन समेत अनुरोध छ ।